नेपाल सरकार
# स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
## प्रशासन महाशाखा
आन्तरिक प्रशासन शाखा
☎ ४२२३५८०
४२६२६९६
रामशाहपथ, काठमाडौं

प.स. ०८०/८१/१/आ.प्र.
च.नं. ३२६

मितिः २०८०/०८/०७

श्री विभाग/प्रतिष्ठान/अस्पताल/केन्द्रिय निकायहरु सबै,
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय।

विषयः जानकारी तथा आवश्यक कार्यार्थ सम्बन्धमा।

प्रस्तुत विषयमा अर्थ मन्त्रालयको च.नं२०८०/८१-१९३ २२५ मिति २०८०/०६/२९ को पत्र बमोजिम स्वीकृत सवारी साधन सुविधा प्राप्त गर्ने कर्मचारीलाई इन्धनवापत नगद प्रदान गर्ने निर्देशिका, २०८० तँहाको जानकारी तथा आवश्यक कार्यान्वयनको लागि उक्त निर्देशिका थान-१ यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा यस मन्त्रालयको निर्णयानुसार अनुरोध छ।

०८०।०८।०७
शेर बहादुर वि.क.
शाखा अधिकृत

बोधार्थ
श्री अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री सूचना प्रविधि शाखा : वेबसाइटमा upload गर्नुहुन।

नेपाल सरकार
# अर्थ मन्त्रालय

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
दर्ता नं. २३९६
मिति २०८०।६।९

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या: बजेट प्रशासन
च. नं.:- २०८०/८१-१९३
२२५

मिति:२०८०/०६/२९

विषयः सवारी साधन सुविधा प्राप्त गर्ने कर्मचारीलाई इन्धनबापत नगद प्रदान गर्ने निर्देशिका सम्बन्धमा।

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,
रामशाहपथ, काठमाडौं।

प्रस्तुत विषयमा नेपाल सरकार, मन्त्रिपरिषद्को बै.स. ३३/०८० बाट मिति २०८०/०६/१६ मा **"सवारी साधन सुविधा प्राप्त गर्ने कर्मचारीलाई इन्धनबापत नगद प्रदान गर्ने निर्देशिका, २०८०"** स्वीकृत भएको हुँदा आवश्यक कार्यान्वयनको लागि उक्त निर्देशिका थान-१ (एक) यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(राम कुमार श्रेष्ठ)
शाखा अधिकृत

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा स.स.म. ४२११९९३, वि.ह.म. ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट: www.mof.gov.np

# सवारी साधन सुविधा प्राप्त गर्ने कर्मचारीलाई इन्धनबापत नगद प्रदान गर्ने निर्देशिका, २०८०

नेपाल सरकारबाट स्वीकृत मिति:
२०८०/ /

प्रस्तावना: सवारी साधन सुविधा प्राप्त गर्ने कर्मचारीलाई इन्धन बापत रकम प्रदान गरी इन्धन खर्चमा मितव्ययिता अपनाई सुशासन कायम गर्न,

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो निर्देशिका बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस मापदण्डको नाम "सवारी साधन सुविधा प्राप्त गर्ने कर्मचारीलाई इन्धन बापत नगद प्रदान गर्ने निर्देशिका, २०८०" रहेको छ।

(२) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा;-

(क) "इन्धन" भन्नाले डिजेल वा पेट्रोल सम्झनु पर्छ।

(ख) "कर्मचारी" भन्नाले सवैधानिक अङ्ग वा निकाय, अदालत, नेपाल सरकारका मन्त्रालय, आयोग, सचिवालयलगायतका केन्द्रीयस्तरका निकायमा कार्यरत नेपाल सरकारका राजपत्राङ्कित विशिष्ट श्रेणी तथा राजपत्राङ्कित प्रथम श्रेणीका कर्मचारीलाई सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले सवारी साधनको सुविधा प्राप्त गर्ने कर्मचारी कार्यरत रहेका कार्यालय सम्झनुपर्छ।

३. इन्धन सुविधा: कार्यालयले सरकारी सवारी साधन सुविधा प्राप्त गर्ने कर्मचारीमध्ये राजपत्राङ्कित विशिष्ट श्रेणीका कर्मचारीलाई मासिक एकसय पच्चिस लिटर तथा राजपत्राङ्कित प्रथम श्रेणीका कर्मचारीलाई मासिक एकसय लिटर इन्धन र त्रैमासिक रूपमा पाँच लिटर मोबिल/ब्रेकआयलको सुविधा उपलब्ध गराउनेछ।

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव (राजस्व)

४. <u>इन्धन बापत रकम उपलब्ध गराउने</u>: (१) दफा ३ बमोजिमको इन्धनबापत सम्बन्धित कर्मचारीलाई कार्यालयले इन्धनको मूल्य बराबरको रकम मासिक रूपमा र मोविल तथा व्रेकआयल बापतको रकम त्रैमासिक रूपमा उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिम रकम उपलब्ध गराउँदा नेपाल आयल निगमबाट प्रत्येक महिनाको एकगतेको लागि कायम भएको इन्धनको बजार मूल्यको आधारमा सो बराबर हुने गरी हिसाब गरेर उपलब्ध गराउनेछ।

(३) यस दफाबमोजिम इन्धन बापत भुक्तानी भएको रकमको कुनै बिलबिजक पेश गर्नुपर्ने छैन।

५. <u>रकम भुक्तानी</u>: यस निर्देशिकाबमोजिम प्रदान गरिने इन्धन बापतको रकम मासिक रूपमा दिने तलब भत्तासँगै सम्बन्धित कर्मचारीलाई भुक्तानी दिइनेछ।

६. <u>इन्धन सुविधा उपलब्ध नहुने</u>: (१) यस निर्देशिकाबमोजिमको सुविधा प्राप्त गर्ने कर्मचारी अध्ययन बिदा वा असाधारण बिदा स्वीकृत भई बिदामा रहेको वा प्रचलित कानूनबमोजिम कुनै कारणले निलम्बनमा रहेको समयमा सो अवधिभर इन्धन बापत पाउने सुविधा उपलब्ध गराइनेछैन।

(२) यस निर्देशिकाबमोजिम इन्धनवापत नगद सुविधा प्राप्त गर्ने कर्मचारीलाई थप छुट्टै इन्धन उपलब्ध गराइने छैन।

७. <u>इन्धनसम्बन्धी थप सुविधा</u>: (१) इन्धन सुविधा पाउने कर्मचारी कुनै कार्यक्रमको लागि वा सरकारी कामको सिलसिलामा काठमाडौं उपत्यका बाहेकका अन्य जिल्ला भ्रमण गर्नुपर्ने भएमा सोही कार्यक्रमबाट सवारी साधन र इन्धनको व्यवस्था गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै कार्यक्रमबाट सवारी साधन तथा इन्धन उपलब्ध हुन नसक्ने अवस्थामा भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीबाट स्वीकृत भएबमोजिमको इन्धन तथा सवारी साधनको व्यवस्था सम्बन्धित कार्यालयले गर्नु पर्नेछ।

८. <u>यसै निर्देशिकाबमोजिम हुने</u>: (१) कार्यालयबाट कर्मचारीलाई इन्धन सुविधा उपलब्ध गराउने सम्बन्धी सबै व्यवस्था यसै निर्देशिकाबमोजिम हुनेछ।

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव (राजस्व)

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारीलाई प्रचलित कानूनमा सवारी साधनको सुविधा प्रयोग गरेवापत दिइने सवारी मर्मत तथा सवारी चालक सुविधा सम्बन्धमा छुट्टै व्यवस्था भएकोमा सोहीबमोजिम हुनेछ।

९. <u>विद्युतीय सवारी साधनको प्रयोग</u>: यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कर्मचारीलाई विद्युतीय सवारीको सुविधा उपलब्ध भएको अवस्थामा यस निर्देशिकाबमोजिम इन्धन बापत उपलब्ध गराइने रकमको आधा रकम प्रदान गरिनेछ।

१०. <u>इन्धन बापतको रकममा कर लाग्ने</u>: इन्धनबापत नगद उपलब्ध गराउँदा सो नगद रकम सम्बन्धित कर्मचारीको कुल आम्दानीमा गणना गरी प्रचलित कानूनबमोजिम कर लाग्नेछ।

११. <u>दुरुपयोग गर्न नहुने</u>: (१) यस निर्देशिका बमोजिम इन्धन सुविधा प्राप्त गर्ने कर्मचारीले दोहोरो पर्ने गरी इन्धनवापतको सुविधा लिन पाइने छैन।

(२) उपदफा (१) विपरीत कुनै कर्मचारीले दोहोरो सुविधा लिएको पाइएमा कार्यालय प्रमुखले सम्बन्धित कर्मचारीबाट असुलउपर गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम असुल उपर नगर्ने कर्मचारी र कार्यालय प्रमुखलाई प्रचलित कानूनबमोजिम विभागीय कारबाहीको लागि अख्तियारवालासमक्ष लेखी पठाउनु पर्नेछ।

१२. <u>मार्गदर्शनको रूपमा लिन सक्ने</u>: प्रदेश सरकारले र नेपाल सरकारको स्वामित्वमा रहेका सङ्गठित संस्थाले यस निर्देशिकाको व्यवस्थालाई मार्गदर्शनको रूपमा लिई कार्यान्वयन गर्न सक्नेछन्।

१३. <u>बाधा अड्काउ फुकाउने</u>: यस निर्देशिकाको कार्यान्वयनमा कुनै समस्या उत्पन्न भएमा अर्थ मन्त्रालयले जुनसुकैबखत आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाई कार्यान्वयन गर्न सक्नेछ।

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव (राजस्व)